म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं. ३०/०६६/०७०

वर्ष:१७ अङ्क:- १६२ २०८३ वैशाख २२ गते मंगलबार 5 May 2026, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

## लागूऔषध गाँजासहित दुई नाबालक पक्राउ

हेटौँडा : लागुऔषध गाँजासहित मकवानपुरका दुई जना नाबालक बारा जिल्लामा पक्राउ परेका छन्। बारा प्रहरीले शनिबार राति उनिहरुलाई पक्राउ गरेको हो ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत बाराको जितपुर-सिमरा उपमहानगर पालिका-१, पथलैयाचोकबाट शनिबार राती उनीहरुलाई पक्राउ गरेको बारा प्रहरीले जनाएको छ। हेटौँडाबाट पथलैयातर्फ जाँदै गरेको बा प्र ०३-००३ प ५७६४ नम्बरको स्कुटरलाई रोकेर सुरक्षाजाँच गर्दा प्रहरीले लागूऔषध गाँजा २१ किलो बरामद गरेको जनाएको छ । लागुऔषध गाँजासहित स्कुटर चालक मकवानपुरको बकैया गाउँपालिका-४, छतिवनका १३ वर्षीय किशोर र पछाडि सवार राक्सिराङ गाउँपालिका-७ का १७ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ । बारा जिल्ला अदालतबाट थप म्याद लिई अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जानकारी दिएको छ ।

# मुख्यमन्त्री बानियाँको कार्यालय र घरमा सम्पत्ति शुद्धीकरण विभागले छापा

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशका मुख्यमन्त्री इन्द्र बहादुर बानियाँको घर तथा कार्यालयमा सम्पत्ति शुद्धीकरण विभागले छापा मारेको छ। अवैध सम्पत्ति आर्जन र सम्पत्ति लुकाएको आशंकामा विभागले उनको काठमाडौं र हेटौंडा स्थित घरमा छापा मारेको हो ।

कांग्रेस बागमती प्रदेश सभापति एवम् मुख्यमन्त्री बानियाँको काठमाडौंको नक्साल र सुन्धारा तथा हेटौंडा-५, पिप्लेस्थित घर-कार्यालयमा एकैपटक विभागले छापा मारेको हो । बानियाँको हेटांडा-५ स्थित घर र कार्यालयमा सम्पत्ती शुद्धीकरण विभागको टोलीले २ घण्टा बिताएको थियो । हेटौंडा-५ पिप्ले स्थित बानियाँ निर्माण सेवा ( विएनएस) र हेटौंडा-५ स्थित सानोपोखरा चोकको रहेको घरमा



सोमबार दिउँसो १२ बजेदेखि २ बजेसम्म विभागको टोलीले अनुन्धान गरेको थियो ।

बानियाँको हेटौँडा-५ स्थित पिपलेको घरमा विभागको टोलीमा ७ जना सहभागी थिए । सोमबार बिहान हेटौंडा आएको विभागको टोली थप बल आवश्यक परे प्रशासनसँग समन्वय गर्नेगरी छापा मारेको थियो । सम्पत्ति शुद्धीकरण विभागले जिल्ला प्रहरी कार्यालय मकवानपुरलाई आवश्यक सुरक्षा प्रबन्ध मिलाउन आइतबार नै आग्रह गरेको थियो। प्रहरीले सादा पोशाकमा समेत आवश्यक जनशक्ति परिचालन गरेको थियो। उनी 'क' वर्गको निर्माण व्यवसायी हुन् । उनको बानियाँ निर्माण सेवा कम्पनी रहेको छ ।

मुख्यमन्त्री बानियाँले आफ्नो घर तथा कार्यालयमा छापा मार`पछि राज्यको जुनसुकै तहले सुशासनको पक्षमा गर्ने हरेक कार्यमा आफू सहयोग गर्न तत्पर रहेको प्रस्ट पारेका छन् । 'राजनीतिक र व्यावसायिक जीवनका बारेमा गर्ने छानबिनलाई मैले सकारात्मक रूपमा लिएको छु,' उनले विज्ञप्तिमा भनेका छन् । उनले संवैधानिक र कानुनी दायरामा रहेर गरिने हरेक अनुसन्धानमा आफ्नो पूर्ण समर्थन र सहयोग रहने प्रतिबद्धतासमेत जनाएका छन् । उनले भनेका छन्, 'सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले गरेको छापामारीबाट बागमती प्रदेशवासी एवं मेरा शुभेच्छुक र शुभचिन्तकलाई भ्रमित र चिन्तित नहुनु अनुरोध गर्दछु ।'

# कैलाश गाउँपालिकाको बैकुण्ठमा घाटुनाच मेला सम्पन्न




घाटु नाच प्रस्तुत गर्दै ।

समाज संवाददाता

हेटौँडा : मकवानपुरको कैलाश गाउँपालिका-२, बैकुण्ठमा घाटुनाच मेला सकिएको छ । शुक्रबार र शनिबार दुईदिन भएको मेलामा घाँसे गीत तथा तामाङ फापरे ह्वाई प्रतियोगिता समेत भएको थियो ।

मुख्यत: गुरुङ समूदायले मनाउने घाटुनाच पछिल्लो समय तामाङ र मगर समूदायले पनि मनाउन थालेका छन् । घाटुनाच मेला बैकुण्ठमा प्रत्येक वर्ष मनाइने गरिन्छ । घाटुनाच पारस्परिक नृत्यसँग जोडिएको हुन्छ, कुमारीहरुले यस नृत्य गर्ने गर्दछन् । नाच सुरु हुनुअघि पूजाआजा गरेर अनुमति लिने गरिन्छ । नृत्य सुरु भएपछि निश्चित समयसम्म निरन्तर चलिरहने जनाइएको छ ।

घाँसे गीत र तामाङ फापरे ह्वाई प्रतियोगिताले तामाङ समूदायको रितीरिवाज, परम्परा र कला संस्कृतिको जगेर्ना गर्ने गर्दछ। घाँसे गीत प्रतियोगितामा १८ वटा समूहले सहभागिता जनाएका थिए। जसमा पशुपति गिरी र चिनु चौहान प्रथम, मीना रिजाल र मैयाँ खत्री द्वितीय, विदुर गिरी र शंकर गिरी तृतीय र कलावती घिमिरे र बेलीमाया दियाली सान्त्वना भएका छन्। उनीहरुलाई क्रमश: २५ हजार, १५ हजार, १० हजार र ५ हजार नगदसहित प्रमाणपत्र प्रदान गरिएको छ। साथै फापरे ह्वाई गीतमा राममाया स्याङ्बोलाई २५ हजार नगद सहित पुरस्कृत गरिएको थियो ।

मेला व्यवस्थापन समितिका संयोजक रासुदेव स्याङ्तानको अध्यक्षता तथा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको प्रमुख आतिथ्यमा समापन समारोह भएको थियो । अध्यक्ष मुक्तान र गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले पुरस्कृत हुनेलाई नगद र प्रमाणपत्र प्रदान गरेका थिए । कार्यक्रममा बोल्दै अध्यक्ष मुक्तानले गाउँपालिकाभित्र मनाइने विभिन्न पर्व र मेलाहरुलाई संरक्षण र प्रवर्द्धन गर्दै आइरहेको बताए । विगतका वर्षभैंm यस घाटुनाच मेलामै तामाङ कला संस्कृति जगेर्ना गर्नका लागि घाँसे गीत र तामाङ फापरे ह्वाई गीत प्रतियोगिता राखिएको उनले बताए । जहाँ घाटुनाच गुञ्जिन्छ, त्यहाँ संस्कृति बोल्छ र परम्परा जिउँदो रहने अध्यक्ष मुक्तानले बताए ।

'सबै धर्म, जात विशेष पर्व, परम्परागत जात्रा मेलाहरुलाई गाउँपालिकाले संरक्षण र प्रवर्द्धन गर्दै आइरहेको छ, हामीले यी पर्व र मेला संरक्षण गरेनौ भने लोप भएर जान पनि सक्छौं । यसका लागि स्थानीय सरकारको तर्फबाट आवश्यक बजेट विनियोजन गरी यस ऐतिहासिक विविधता भएको कैलाश गाउँपालिकाभित्रका मेला, पर्व, धर्म र संस्कृतिलाई जगेर्ना गर्नेछ', उनले भने ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले गाउँपालिकाभित्र रहेका सम्पूर्ण कला, भाषा, संस्कृति, विभिन्न पर्वहरुको प्रवर्द्धन र संरक्षण गरिनुपर्ने सबैको दायित्व रहेको बताए । घाटुनाच पुस्तौंदेखि पुस्तासम्म संस्कृति हस्तान्तरण गर्ने अमूल्य माध्यम बनेको बताए। यसलाई युवा पुस्तामा हस्तान्तरण गरी परम्परालाई जोगाउने जिम्मेवारी सबैको रहेको उपाध्यक्ष मल्लले बताए । कार्यक्रममा वडा २ का अध्यक्ष राजेन्द्र घिसिङ, वडा नम्बर ९ का अध्यक्ष भूवन सिंह घलान, कार्यपालिका सदस्य दिलमाया प्रजा, वडा २ का सदस्यद्वय फूलमाया सुनार र सूर्यबहादुर स्याङ्तानको आतिथ्य रहेको थियो ।

# मकवानपुरका भूमिहिन सुकुम्बासीले प्रजिअलाई ज्ञापनपत्र बुझायो




प्रदर्शनमा सहभागी भूमिहिन सुकुम्बासी ।

समाज संवाददाता

हेटौँडा : संघीय सरकारको सुकुम्बासी बस्ती भत्काउने कार्यको विरोध गर्दै मकवानपुरका भूमिहिन सुकुम्बासीहरुले जिल्ला प्रशासन कार्यालय र हेटौँडा उपमहानगर-पालिकाको कार्यालयमा ज्ञापनपत्र बुझाएका छन् । सुकुम्बासीलाई उठिबास लगाउने नभई व्यवस्थापन गर्न माग गर्दै उनीहरुले हेटौँडा-११ थानाभऱ्याङबाट सोमबार ऱ्यालीसहित जिल्ला प्रशासन कार्यालय र हेटौँडा उपमहानगर-पालिको कार्यालय पुगेका थिए ।

भूमिहीन सुकुम्बासी संघर्ष समिति मकवानपुरका अध्यक्ष क्षेत्रबहादुर मोक्तान, नेपाल बसोबास संरक्षण समाजका अध्यक्ष कमलचन्द्र सुमन र राष्ट्रिय भूमि अधिकार मञ्चका अध्यक्ष देवकृष्ण थोकर लगायतका प्रतिनिधिहरुले ज्ञापनपत्र बुझाएका हुन् । ज्ञापनपत्रमा सरकारले जारी गरेको सूचनाले नागरिकको सुरक्षित आवासको संवैधानिक हक हनन् गरेको उल्लेख छ । २०४६ सालको राजनीतिक परिवर्तनभन्दा अघिदेखि नै बसोबास गर्दै आएका सुकुम्बासी परिवारहरूले उक्त क्षेत्रमा विद्यालय, सडक, खानेपानी, बिजुली र तटबन्ध जस्ता भौतिक पूर्वाधारहरू निर्माण गरिसकेको अवस्थामा एक्कासि हटाउने सूचना जारी हुनु अन्यायपूर्ण भएको उनीहरूको तर्क छ ।

नेपालको संविधानको धारा ३७, ४० र ४७ ले मौलिक हकको रूपमा आवास र भूमिको अधिकार सुनिश्चित गरेको छ। भूमि सम्बन्धी ऐन २०२१ को दफा ५२ अनुसार गठन भएको भूमि आयोगले नापी समेत गरिसकेको अवस्थामा यस्तो सूचना जारी गर्नु संविधान र कानुनको मर्म विपरीत रहेको उनीहरुको भनाइ छ । आन्दोलित सुकुम्बासीहरूले गृह मन्त्रालयको निर्देशनमा सैनिकमार्फत सुकुम्बासीको लगत सङ्कलन गर्न खोजिएको भन्दै आपत्ति जनाएका छन् । नागरिक प्रशासनको मर्म विपरीत सैनिक शक्ति प्रयोग गरी तथ्याङ्क लिनु लोकतान्त्रिक अभ्यास नभएको उनीहरूको ठहर छ । काठमाडौँमा सुकुम्बासी बस्तीमा डोजर चलाइएको घटनाले मकवानपुरका बासिन्दामा पनि त्रास फैलिएको स्थानीय यज्ञबहादुर आचार्यले बताउनुभयो ।

प्रदर्शनमा सहभागी ५२ वर्षीय होमनाथ घिमिरेले सरकारले केही दिनको राहत र खाना मात्र दिएर नपुग्ने भन्दै स्थायी बसोबास र लालपुर्जाको माग गर्नुभयो । यस्तै, मनहरीका हरिचन्द्र शाही ठकुरीले आक्रोश पोख्दै चुनावका बेला हाम्रो भोट चल्ने तर अहिले हाम्रो जमिन नचल्ने ? सरकारले लालपुर्जा दिएर व्यवस्थित नगरे हामी थप कडा आन्दोलनमा उत्रन बाध्य हुने बताउनुभयो। ज्ञापनपत्र बुझ्दै हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मिना कुमारी लामाले एउटा नगरप्रमुखको जिम्मोवारी सम्हालिसकेका व्यक्ति राज्यको सर्वोच्च पद पुग्दा यस्ता समस्याहरु पक्कै पनि व्यवस्थित गर्ने विश्वास व्यक्त गर्नुभयो । प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीका अनुसार गृह मन्त्रालयको निर्देशन बमोजिम जिल्लामा सुकुम्बासीहरूको लगत सङ्कलन कार्य भइरहेको छ ।

# हेटौँडाबाट स्मार्ट लाइसेन्स वितरण सुरु



सेवाग्राहीलाई स्मार्ट लाइसेन्स कार्ड वितरण गर्नुहुँदै यातायात व्यवस्था कार्यालय हेटौँडाको सवारी चालक अनुमतिपत्र शाखाका प्रमुख राजु अर्याल ।

समाज संवाददाता

हेटौँडा : संघीय सरकारले प्राथमिकतामा राखेको सवारी चालक अनुमतिपत्रको स्मार्ट कार्ड वितरणको कार्य हेटौँडाबाट पनि वितरण सुरु भएको छ । सोमबारदेखि स्मार्ट लाइसेन्स कार्ड वितरण सुरु गरिएको यातायात व्यवस्था कार्यालय हेटौँडाले जनाएको छ ।

यही बैशाख ४ गतेदेखि १० गतेसम्म ६ दिनको अवधिमा नयाँ सवारी चालक अनुमतिपत्र, वर्ग थप र नवीकरण गरी ३ सय ६५ वटा स्मार्ट कार्ड प्राप्त भएपछि सोमबारबाट वितरण सुरु गरिएको यातायात व्यवस्था कार्यालय हेटौँडाको सवारी चालक अनुमतिपत्र शाखाका प्रमुख राजु अर्यालले जानकारी दिनुभयो । पहिलो दिन सोमबार २६ जनालाई लाइसेन्स वितरण गरिएको अर्यालले जानकारी दिनुभयो ।

यातायात व्यवस्था विभागले हुलाकमार्फत लाइसेन्स कार्यालयलाई पठाएको अर्यालले जानकारी दिनुभयो। यसअघि कार्यालयबाटै कर्मचारी यातायात व्यवस्था विभागसम्म पुग्नु पर्ने बाध्यता थियो । यातायात व्यवस्था कार्यालय हेटौँडाबाट नयाँ लाइसेन्स, नवीकरण र वर्ग थप गरी सन् २०२२ को जुलाईदेखि हालसम्म करिब ६० हजार लाइसेन्स प्रिन्ट हुनुपर्ने छ। पुराना सवारी चालक अनुमतिपत्र पनि क्रमश: प्राप्त भएपछि वितरण गरिने कार्यालयले स्पष्ट पारेको छ ।

# भूमि आयोग खारेज

काठमाडौं : सरकारले भूमि समस्या समाधान आयोग खारेज गरेको छ । केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश मार्फत् आयोग खारेज भएको हो ।

भूमिहीन दलित, भूमिहीन सुकुमवासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोवासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२(क)को उपदफा (३) र ५२ (ख) को उपदफा (६) बमोजिम नेपाल सरकारले भूमि समस्या समाधान आयोगको गठन गरेको थियो । अध्यादेशबाट भूमि सम्बन्धी ऐनको दफा ५२(क) को उपदफा (३) र ५२ (ख)को उपदफा (६) खारेज गरिएको छ । आयोगको सट्टा सरकारले कार्यदल वा समिति गठन गर्न सकिने प्रावधान राखिएको छ ।

ऐनमा निर्देशिका वा कार्यविधि बनाउन सक्ने व्यवस्था गरिएको छ। अध्यादेशले गरेको यो व्यवस्थासँगै केन्द्रमा रहेको हरिप्रसाद रिजाल नेतृत्वको आयोग र यस अन्तर्गत ७७ वटै जिल्लामा रहेका नेतृत्वहरूको पद गएको छ ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
–थाईराईड
–क्यान्सर
–रक्तअल्पता
–वाथरोग
–बााझोपन
–भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जााचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७




Contact : 9807171993/9741681458 TCN Road-10

नोट : हामी कहाँ सबै किसिमका बाइक तथा स्कुटर एक्सचेन्ज गरिन्छ ।

## सम्पादकीय

# प्रेस स्वतन्त्रता र जिम्मेवारी

नेपालमा झण्डै तीन दशकदेखि वर्षेनि विश्व प्रेस स्वतन्त्रता दिवस मनाउने गरिएको छ । संयुक्त राष्ट्र संघको महासभाले सन् १९९३ मा मे ३ लाई प्रेस स्वतन्त्रता दिवस घोषणा गरे पनि नेपालमा सन् १९९७ देखि यो दिवस मनाउन थालिएको हो । प्रेस स्वतन्त्रता दिवसलाई वर्षेनि नेपाल पत्रकार महासंघको अगुवाइमा देशभर मनाउने गरिएको छ । “शान्तिपूर्ण भविष्यको निर्माण: मानव अधिकार, विकास सुरक्षाका लागि प्रेस स्वतन्त्रताको प्रवर्द्धन” भन्ने मूल नारासहित यस वर्षको विश्व प्रेस स्वतन्त्रता दिवस मनाइएको छ । दिवस मनाउने क्रममा नेपाल पत्रकार महासंघ मकवानपुरले हेटौंडामा आइतबार अन्तरक्रिया गरेको छ । मुलुकमा रहेका राजनीतिक दल तथा तिनका नेतृत्व प्रतिपक्षमा रहँदा प्रेस स्वतन्त्रताको वकालत गर्ने र सत्ता सञ्चालनको जिम्मेवारीमा पुगेपछि निरंकुश बन्ने प्रवृत्तिप्रति सञ्चारकर्मीहरुले चिन्ता जनाएका छन् । अन्तरक्रियामा सहभागीहरुले वर्तमान सरकारले निजी मिडियामा सरकारी विज्ञापन दिन रोक लगाएकोमा असन्तुष्टि व्यक्त गरेका छन् ।

तीन दशकदेखि हरेक वर्ष प्रेस स्वतन्त्रता दिवस मनाइँदै आए पनि धेरैजसो सञ्चार माध्यम र सञ्चारकर्मी भने स्वतन्त्र हुन नसकेको अन्तरक्रियामा सहभागी सञ्चारकर्मीले नै स्वीकार गर्नुले मुलुकको प्रेस जगतमा विकृति रहेको स्पष्ट पारेको छ । सञ्चारकर्मी र सञ्चारमाध्यम व्यावसायिक हुन नसक्नु, शक्ति र सत्तामा रहेकाले आफू अनुकूल समाचार खोज्नु, स्वार्थप्रेरित समाचार बनाउने प्रवृत्ति बढ्नु, “न्यूज”लाई भन्दा “भ्यूज”लाई प्राथमिकता दिनुले प्रेस स्वतन्त्रतामात्र नभई सिङ्गो सञ्चार क्षेत्र विकृत बन्दै गएको छ । अरुको अधिकार र स्वतन्त्रताको लागि बोलिदिने सञ्चारकर्मी आफैं स्वतन्त्र हुन नसक्नुले प्रेस स्वतन्त्रताको माग र मुद्दालाई खल्लो बनाइरहेको छ । प्रेस स्वतन्त्रता दिवस मनाउँदै गर्दा सञ्चारकर्मी र सञ्चार क्षेत्र पनि स्वतन्त्र हुनु अपरिहार्य देखिन्छ । सञ्चारकर्मी जबसम्म आफू स्वतन्त्र हुँदैन, तबसम्म उसले अरुको स्वतन्त्रता रक्षा गर्न सक्दैन । स्वतन्त्र हुन नसकेको प्रेस जगतले प्रेस स्वतन्त्रताको कुरा गर्न पनि उचित हुँदैन ।

प्रेस स्वतन्त्रताको कुरा गर्ने सञ्चारकर्मी र सञ्चार माध्यमले आफ्नो दायित्व वा जिम्मेवारी बुझ्नु उत्तिकै आवश्यक छ । प्रेस स्वतन्त्रताको माग गर्नु सञ्चार जगतको अधिकार हो भने देश, नागरिकप्रति जिम्मेवार हुनु जिम्मेवारी हो । पत्रकारिता जगतले आम नागरिकको पिर, व्यथा र विषयवस्तुलाई स्वतन्त्र भई उजागर गर्नुपर्नेमा पनि अन्तरक्रियाका सहभागीले जोड दिनुलाई अर्थपूर्ण मान्नुपर्छ । राज्यपक्ष वा शक्तिकेन्द्रको प्रभावबाट प्रेस जगतलाई स्वतन्त्रता प्रदान गर्नु अत्यावश्यक भए पनि सञ्चारकर्मीले आफ्नो कामप्रति निर्वाह गर्ने जिम्मेवारीका कारण पनि प्रेस स्वतन्त्रता प्राप्तिमा महत्वपूर्ण मान्न सकिन्छ । सञ्चार जगत जिम्मेवार नहुँदा नै प्रेस स्वतन्त्रता पनि संकटमा पर्ने गरेको विगतका घटनाले समेत पुष्टि गर्दै आएको छ ।

लोकतान्त्रिक शासन व्यवस्थाको मुटु मानिने प्रेस स्वतन्त्रता कुनै बहानामा हनन् हुनु हुँदैन । लोकतन्त्रलाई जीवित राख्ने हो सञ्चार जगतलाई स्वतन्त्र भएर काम गर्ने वातावरण दिनैपर्छ । प्रेस स्वतन्त्रतासम्बन्धी संवैधानिक र कानुनी व्यवस्थाको कार्यान्वयन र पालनामा राज्यपक्ष र सञ्चार जगत जिम्मेवार र जवाफदेही बन्ने हो भने प्रेस स्वतन्त्रताको रक्षा हुन सक्छ । विभिन्न बहानामा प्रेसमाथि नियन्त्रण कायम गरिँदा नागरिकका मौलिक हकहरुसमेत हनन हुनसक्ने तथ्यलाई नकार्न सकिँदैन । प्रेस स्वतन्त्रता खोज्नेहरुले आफू पनि स्वतन्त्र भएको प्रमाणित गर्न सक्नुपर्छ । आफू स्वतन्त्र हुनुपर्ने जिम्मेवारी भुलेर कुनै दलको पक्षधर बन्दै प्रेस स्वतन्त्रताको कुरा गर्न सञ्चारकर्मीलाई नैतिकताले पक्कै दिँदैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : सामाजिक एवम् धार्मिक कार्यमा सरिक हुने योग छ ।
**वृष** : ज्ञानगुन, अध्यात्म र दार्शनिक विषयमा आकर्षण बढ्ला ।
**मिथुन** : प्रतिष्ठा र प्रभुत्व जमाउन सकिने योग छ ।
**कर्कट** : अध्ययन–अध्यापन ठिकै रहने समय योग देखिन्छ ।
**सिंह** : सानो प्रयासबाट रोकिएका कामहरु बन्नेछन् ।
**कन्या** : परोपकारी र सामाजिक गतिविधिमा खट्नुपर्ने समयको योग देखिन्छ ।
**तुला** : आनन्द र भोग बिलासका क्षेत्रमा खर्च बढ्न सक्छ ।
**वृश्चिक** : ठूलावडा वा अधिकारी वर्गको सहयोगले काम पूरा हुनेछ ।
**धनु** : बन्धुबान्धव तथा छरछिमेकीले सहयोग पुऱ्याउने समयको योग देखिन्छ ।
**मकर** : इष्टमित्रको सहयोगले काममा पूर्णता प्राप्त होला ।
**कुम्भ** : हाँके/ताकेका कामबाट लाभ प्राप्त हुने समय रहेको छ ।
**मीन** : श्रममूलक काम कृषि क्षेत्रबाट लाभ प्राप्त होला ।

# प्रविधि, सुविधा र मानव अस्तित्वको संकट

प्रविधि मानव सभ्यताको सबैभन्दा ठूलो उपलब्धि हो । यसले उत्पादन, सञ्चार, शिक्षा र स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सुधार ल्याएको छ । विश्व बैङ्क र अन्तर्राष्ट्रिय दूरसञ्चार संघका अनुसार पछिल्ला दुई दशकमा विश्वमा इन्टरनेट प्रयोगकर्ताको संख्या १ अर्बभन्दा कमबाट ५ अर्बभन्दा बढी पुगेको छ, जसले सूचनाको पहुँचलाई सर्वव्यापी बनाएको छ ।

डिजिटल विश्लेषक साइमन केम्पका अनुसार हाल सामाजिक सञ्जाल प्रयोगकर्ता करिब ५.६ अर्बभन्दा बढी पुगेका छन् । यसैकारण भिडियो कल, रियल-टाइम मेसेजिङ र डिजिटल प्लेटफर्महरूले मानिस बीचको सम्पर्कलाई क्षणभरमै सम्भव बनाएका छन् । उत्पादन क्षेत्रहरू जस्तै:औद्योगिक स्वचालन, रोबोटिक्स र डेटा-आधारित उत्पादन प्रणालीले दक्षता बढाएको छ । म्याकिन्से ग्लोबल इन्स्टिच्युटको अध्ययन अनुसार डिजिटल प्रविधिको प्रयोगले उत्पादनशीलता २० देखि ३० प्रतिशतसम्म बृद्धि गरेको छ । प्रविधिको प्रयोगले समय र स्रोतको बचत मात्र होइन, लागत घटाउने र गुणस्तर सुधार गर्ने क्षमता पनि दिएको छ । बैङ्किङ प्रणाली डिजिटल भुक्तानी, मोबाइल बैङ्किङ र अनलाइन लेनदेनमा रूपान्तरण भएको छ ।

शिक्षा क्षेत्रमा अनलाइन लर्निङ प्लेटफर्म, भर्चुअल कक्षा र खुला शैक्षिक स्रोतहरूले ज्ञानको पहुँचलाई भौगोलिक सीमाभन्दा बाहिर पुऱ्याएका छन् । स्वास्थ्य क्षेत्रमा टेलिमेडिसिन, डिजिटल डायग्नोस्टिक्स र एआई-आधारित उपचार प्रणालीले उपचारलाई छिटो र प्रभावकारी बनाएको छ । मानव जीवन बाहिरी रूपमा सुविधा सम्पन्न देखिन्छ। तर सुविधा बढेसँगै जीवन सरल हुनुपर्नेमा बास्तविकता उल्टो छ । प्रविधिले समय बचत गरिदिएको छ तर ध्यान र ज्ञानलाई निरन्तर खण्डित गरिरहेको छ । मानिससँग सूचना अत्यधिक छ तर बुझाइ गहिरो छैन । क्षणभरमा नै सम्बन्धहरू बिस्तार भएका छन् तर आत्मीयता र विश्वास घट्दै छ । यही बिरोधाभासलाई विचारकहरूले 'सुविधाभित्र लुकेको सङ्कट' का रूपमा व्याख्या गरेका छन् । प्रविधिको विकासले मानव जीवनलाई सहज बनाउने उद्देश्य राखे पनि यसको तीव्र र अनियन्त्रित बिस्तारले नै आजको सङ्कट जन्माएको हो ।

यथार्थ हो– मानिस मानसिक रूपमा बढी बिचलित, सामाजिक रूपमा बढी एक्लो र बौद्धिक रूपमा बढी सतही हुँदै गएको छ । चेतना, सामाजिक सम्बन्ध र बास्तविकता बुझ्ने क्षमतामा क्रमशः ह्रास आउन थालेको छ । जीवन बाहिरबाट व्यवस्थित देखिन्छ, भित्रबाट उति नै अस्थिर, बिखण्डित र अनिश्चित बन्दै गएको छ । यही कारण आधुनिक युग प्रगतिको मात्र नभई मानव जीवनको सङ्कटको युग बन्न पुग्दैछ; जहाँ सङ्कट भौतिक होइन, चेतना, अर्थ र नियन्त्रणको हो ।

अमेरिकी प्राध्यापक काल न्युपोर्टका अनुसार प्रविधि समस्या होइन, बरु यसको अव्यवस्थित र असचेत प्रयोग हो । आज मानव जीवन प्रविधिलाई




उपकरणका रूपमा प्रयोग गर्नेभन्दा पनि त्यसको प्रभावमा बाँचेको छ । सामाजिक सञ्जाल, नोटिफिकेसन र निरन्तर सूचना प्रवाहले जीवनलाई मानसिक निर्भरतामा बाँधेको छ । यसले गर्दा मानिसले आफ्नो ध्यान, समय र ऊर्जा आफैंले नियन्त्रण गर्न सक्ने क्षमता गुमाउँदै गएको छ ।

पहिले ज्ञान दीर्घकालीन ध्यान, अध्ययन र आत्मचिन्तनको प्रक्रियाबाट निर्माण हुन्थ्यो । पुस्तक पढ्दा मानिस लामो समय एउटै विचारसँग बस्न बाध्य हुन्थ्यो, जसले विचारलाई गहिरो रूपमा बुझ्ने अवसर दिन्थ्यो । तर अहिलेको डिजिटल वातावरणमा पढाइ निरन्तर बिच्छेदको बीचमा हुन्छ; एक लिङ्कबाट अर्को लिङ्क, एक नोटिफिकेसनबाट अर्को सूचनातर्फ ध्यान सर्दै जान्छ । ज्ञानको स्वरूपलाई 'गहिरो संरचना' बाट “सतही स्क्यानिङ” मा रूपान्तरण गरेको छ । मानिसले धेरै जानकारी देख्छ तर थोरै बुझ्छ; धेरै कुरा थाहा हुन्छ तर थोरै सम्झन्छ। सूचना छिटो प्राप्त हुन्छ तर त्यसलाई विश्लेषण, संयोजन र दीर्घकालीन ज्ञानमा रूपान्तरण गर्ने क्षमता कमजोर हुँदै गएको छ । माइक्रोसफ्ट क्यानडाले प्रकाशित गरेको एक अध्ययन अनुसार मानिसको औसत ध्यान अवधि (अटेन्सन स्पान) करिब ८ सेकेन्ड जति मात्र रहेको छ । सामाजिक सञ्जालमा प्रसारित छोटा भिडियो र निरन्तर सूचना प्रवाहले मानिसलाई 'दीर्घ ध्यान' बाट 'क्षणिक ध्यान' तर्फ धकेलेको छ । यसको परिणामस्वरूप गहिरो अध्ययन, आलोचनात्मक सोच र धैर्य घट्दै गएको छ ।

यस सन्दर्भमा निकोलस कारले आफ्नो पुस्तक 'द स्यालोलज' मा उल्लेख गरेको तर्क निकै सान्दर्भिक छ । उनका अनुसार निरन्तर सूचना प्रवाहले मानव मस्तिष्कको कार्यप्रणालीलाई नै परिवर्तन गरिरहेको छ । डिजिटल माध्यममा पढ्ने, स्क्रोल गर्ने र छिटोछिटो जानकारी ग्रहण गर्ने बानीले हाम्रो ध्यानलाई खण्डित बनाउँछ र गहिरो चिन्तनको क्षमतालाई कमजोर पार्छ । क्यालिफोर्निया विश्वविद्यालयका अनुसन्धानहरूले पनि लगातार सूचना प्रवाहले गहिरो एकाग्रता (डिप फोकस) क्षमतालाई कमजोर बनाउने पुष्टि गरेका छन् ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वभर करिब १ अर्ब मानिस कुनै न कुनै मानसिक स्वास्थ्य समस्याबाट प्रभावित छन् । यो तथ्य केवल स्वास्थ्य सम्बन्धी आँकडा मात्र होइन, आधुनिक सभ्यताको गहिरो सङ्कटको सङ्केत पनि हो । विशेषगरी डिजिटल प्रविधिको अत्यधिक प्रयोग, सहरीकरण र अनिश्चित जीवनशैलीले मानिसको मानसिक सन्तुलनमा निरन्तर दबाब सिर्जना गरिरहेको छ । सामाजिक सञ्जालमा देखिने कृत्रिम सफलता र जीवनशैलीले धेरै व्यक्तिमा आत्मअसन्तुष्टि, चिन्ता र तनाव बढाइरहेको छ । यसैकारण विश्व स्वास्थ्य सङ्गठनले पछिल्ला वर्षहरूमा मानसिक स्वास्थ्यलाई एक्काइसौं शताब्दीको निर्णायक चुनौती भनेको छ ।

विश्व स्वास्थ्य सङ्गठन युरोप अन्तर्गत गरिएको एचबीएससी अध्ययनअनुसार बालबालिकामा सामाजिक सञ्जालको अस्वस्थ वा नियन्त्रणहीन प्रयोगको दर करिब ७ प्रतिशतबाट बढेर ११ प्रतिशत पुगेको छ । हार्वर्ड लगायतका विभिन्न अनुसन्धानले सामाजिक सञ्जालको प्रयोग र एक्लोपन बीच गहिरो सम्बन्ध देखाएका छन् । अनुसन्धानहरूले सामाजिक सञ्जालको प्रयोगले किशोरकिशोरी र युवा वर्गलाई जोडिएको जस्तो देखाए पनि धेरै प्रयोगको अवस्थामा यसले एक्लोपन बढाउने निचोड प्रस्तुत गरेका छन् । यही कारण पछिल्ला दुई दशकमा किशोर-किशोरीहरूमा एन्जाइटी र डिप्रेसनको दर उल्लेखनीय रूपमा बढेको देखिन्छ, जुन केवल जैविक वा व्यक्तिगत कारणले मात्र होइन, सामाजिक-प्राविधिक वातावरणसँग गहिरो रूपमा जोडिएको छ । अर्कोतर्फ सामाजिक सञ्जालले सम्बन्धलाई गुणात्मक होइन, परिमाणात्मक बनाइदिएको छ । सामाजिक सञ्जालमा हजारौं साथी वा फलोअर भए पनि त्यही अनुपातमा आत्मीयता, विश्वास र भावनात्मक नजिकपन घटेको छ । सञ्जालले सम्बन्धको दायरा बिस्तार गरेको छ तर गहिराइ घटाएको छ ।

फ्रान्सेली समाजशास्त्री जिन बोड्रिलार्डले भनेझैं आधुनिक समाज 'हाइपररियालिटी' (निर्मित वास्तविकता) मा प्रवेश गरिरहेको छ; जहाँ वास्तविक अनुभवभन्दा डिजिटल प्रतिनिधित्व बढी प्रभावशाली हुन्छ । मानिसले जीवन बाँच्नुभन्दा त्यसलाई देखाउन बढी महत्व दिन थाल्छ । मुख्य कारण, डिजिटल सम्बन्धहरू अक्सर प्रदर्शनमा आधारित हुन्छन् जहाँ मानिसले आफ्नो वास्तविक अवस्थाभन्दा पनि आफ्नो कृत्रिम छवि प्रस्तुत गर्छ । लाइक, कमेन्ट र सेयरहरू सामाजिक स्वीकृतिको सूचकका रूपमा देखिएका छन् । यसैले आफ्नो बास्तविक अनुभवभन्दा पनि अरूलाई प्रभावित पार्ने सामग्री प्रस्तुत गर्न प्रेरित छन् ।

जसका कारण सम्बन्धहरू यथार्थभन्दा धारणामा आधारित हुँदै छन्, स्वभाविकभन्दा रणनीतिक बन्दै छन् । जब सम्बन्धको आधार वास्तविक अनुभव होइन, तर डिजिटल प्रस्तुति हुन्छ; तब त्यसमा गहिराइ, स्थायित्व र विश्वसनीयता अत्यन्तै कमजोर हुन्छ । सञ्जालहरूमा फैलिएको सूचना ज्ञान बन्नुभन्दा पहिले नै उपभोग्य सामग्री बनेको छ । प्लेटफर्महरूका लागि सूचना ज्ञान होइन, ध्यान आकर्षित गर्ने वस्तु हो । जसले ध्यान जित्छ, त्यसले मूल्य जित्छ । ध्यान जित्ने सबैभन्दा प्रभावकारी माध्यम प्रायःतथ्य होइन, भावना हो । आक्रोश, डर, उत्साह, कुण्ठा वा विवादजस्ता तीव्र भावनाले मानिसलाई तुरुन्त प्रतिक्रिया दिन प्रेरित गर्छ। यही कारण आक्रोशपूर्ण पोस्टहरू छिटो फैलिन्छन्, विवादास्पद सामग्री बढी साझा हुन्छन् ।

सामाजिक सञ्जालका अल्गोरिदमहरूको मुख्य लक्ष्य गुणस्तर होइन, संलग्नता हो । अर्थात् कुन सामग्री सही छ भन्नेभन्दा पनि कुन सामग्रीले बढी क्लिक, लाइक, सेयर र कमेन्ट ल्याउँछ भन्ने कुरा प्राथमिक हो । जसका कारण भावनात्मक सामग्रीले बढी स्थान पाउँछ; चरम आक्रोश, कुण्ठा र प्रतिक्रियाहरू बढी ट्रेन्डिङ हुन्छन् । फलस्वरूप सत्य र तथ्य कमजोर बन्न पुग्छ । यो केवल प्रयोगकर्ताको छनोट होइन, प्रणालीगत डिजाइनको परिणाम हो । प्रविधिले गोपनीयता र स्वतन्त्रतामाथि पनि प्रश्न उठाएको छ । डेटा सङ्कलन र अल्गोरिदमहरूले मानिसको व्यवहार मात्र होइन, उसको सोचाइलाई समेत प्रभावित गरेका छन् । यसले व्यक्तिलाई स्वतन्त्र निर्णयकर्ताभन्दा पनि निर्देशित उपभोक्ता बनाएको छ ।

अन्त्यमा, समस्या प्रविधि आफैंमा होइन, बरु त्यसलाई प्रयोग गर्ने तरिका र त्यसलाई निर्देशित गर्ने सामाजिक-आर्थिक संरचनामा लुकेको छ । प्रविधि मानव सुविधाका लागि विकास गरिएको उपकरण हो, जसले समय बचत, सूचनाको पहुँचलाई सहज र जीवनलाई अधिक प्रभावकारी बनाउँछ । जब चेतना सचेत, सन्तुलित र उद्देश्यपूर्ण रहन्छ, तब त्यही प्रविधि ज्ञान, सिर्जना र अर्थपूर्ण जीवन निर्माण गर्ने शक्तिशाली साधन बन्न सक्छ । त्यसैले आजको युगको गहिरो सत्य यही हो- प्रविधि होइन, मानव चेतनाको दिशा नै भविष्य निर्धारण गर्ने मुख्य शक्ति हो ।

तर जब यसको प्रयोग असन्तुलित, अनियन्त्रित र केवल उपभोगमुखी बन्छ, तब यही सुविधा नै मानव सङ्कटका रूपमा रूपान्तरण हुन थाल्छ । *स्रोत : अनलाइनखबर*

# शान्तिपूर्ण भविष्य निर्माणका लागि पत्रकारिता

विश्वभर अहिले प्रेस स्वतन्त्रताका बारेमा चर्चा चलिरहेको छ । प्रत्येक वर्ष मे ३ का दिन औपचारिक रूपमा विश्वभर यो दिवस मनाउने गरिन्छ । मे ३ का छेउछाउका दिनमा यसै दिवससँग सम्बन्धित कार्यक्रमको आयोजना गर्ने गरिएको छ । नेपालमा पनि यस दिवससँग सम्बन्धित विविध कार्यक्रमहरु आयोजन गर्ने गरिएका छन् ।

यो वर्ष अर्थात २०२६ पनि अपवाद छैन, केही कार्यक्रम नेपालमा पनि तय गरिएका छन् । राज्यपक्षले यो दिवस मनाउन प्राय : अरुचि देखाउने गरेको पृष्ठभूमिमा वर्तमान सरकार पनि अपवाद बन्न सकेको देखिँदैन । पत्रकारिताको स्वतन्त्रता, व्यावसायिकता र सुरक्षाको पैरवी गरिने सन्दर्भमा महत्वपूर्ण मानिने यो दिवससँग सम्बद्ध कुनै कार्यक्रम घोषित रुपमा नेपाल सरकारका तर्फबाट सार्वजनिक गरिएको छैन । नामिबियाको विण्डहक सहरमा सन् १९९१ मा सम्पन्न अफ्रिकी पत्रकारहरूको सम्मेलनले मे ३ का दिन स्वतन्त्र प्रेसका सम्बन्धमा 'विण्डहक घोषणापत्र' जारी गरेको थियो । घोषणापत्रमार्फत स्वतन्त्र, बहुलवादी र स्वतन्त्र प्रेसको स्थापनामा जोड दिइएको थियो । यो दिनलाई स्मरण गर्दै संयुक्त राष्ट्रसंघको साधारणसभाले सन् १९९३ मा औपचारिक रूपमा मे ३ लाई विश्व प्रेस स्वतन्त्रता दिवसका रूपमा घोषणा गरेको हो ।

त्यसपछि सन् १९९४ देखि विश्वभर यो दिवस नियमित रूपमा मनाउन थालिएको हो । यो दिवस मनाउने सन्दर्भमा युनेस्कोले प्रत्येक वर्ष नारा तय गर्छ । वर्षभरि नै त्यो नारासँग सम्बन्धित गतिविधि स्वयंले पनि आयोजित गर्छ र अन्य संघ संस्थालाई विविध गतिविधि सञ्चालन गर्न प्रोत्साहित गर्छ । यस्ता गतिविधिमार्फत् विश्वभरि प्रेस स्वतन्त्रताका आधारभूत सिद्धान्तहरूका सम्बन्धमा छलफल गरिनुका साथै प्रेस स्वतन्त्रताको अवस्थाको




मूल्याङ्कन गर्ने प्रयत्न गरिन्छ । यो दिवसको अवसर पारेर पेशागत जिम्मेवारी निर्वाह गर्ने क्रममा ज्यान गुमाएका पत्रकारप्रति श्रद्धाञ्जली अर्पण गरेर लोकतन्त्र र स्वतन्त्र प्रेसको पक्षमा प्रतिबद्धता व्यक्त गर्ने उद्देश्य पनि राखिन्छ । प्रेस स्वतन्त्रतामाथि हुने हस्तक्षेप र आक्रमणबाट जोगाउन सरकारहरूलाई सचेत गराउनु पनि यो दिवसको एक प्रमुख उद्देश्य रहने गरेको छ ।

आजको डिजिटल युगमा गलत सूचना र मिथ्या सूचनाको चुनौती बढिरहेका बेला यो दिवसको सान्दर्भिकता अझ बढेको छ भन्दा अतिशयोक्ति हुँदैन । युनेस्कोद्वारा मे ४ र ५ मा जाम्बियाको लुसाकामा यस दिवसको सन्दर्भमा मुख्य कार्यक्रमका रूपमा अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गर्दै छ । युनेस्कोले यसपटक यस दिवसका लागि 'सेपिङ ए फ्युचर एट पिस प्रोमोटिङ प्रेस फ्रिडम फर ह्युमन राइटस, डेभेलपमेन्ट एण्ड सेक्युरिटी' भन्ने नारा तय गरिको छ । सामान्य अर्थमा नेपालीमा यसको भावानुवाद शान्तिपूर्ण भविष्य निर्माण: मानव अधिकार, विकास र सुरक्षाका लागि प्रेस स्वतन्त्रताको प्रवर्द्धन भनेर गर्न सकिन्छ । उक्त नाराका आधारमा यस दिवसका सन्दर्भमा आयोजित हुने कार्यक्रमहरूमा स्वतन्त्र पत्रकारिताले विश्व शान्ति, लोकतन्त्र र दिगो विकासमा पुऱ्याउने योगदानका साथै पत्रकारहरूको सुरक्षा, गलत सूचनाको चुनौती र पत्रकारितामा कृत्रिम बौद्धिकताको प्रभावबारे छलफल हुने विश्वास गरिएको छ । वास्तवमा यो नारा अत्यन्तै महत्वपूर्ण र सान्दर्भिक रहेकोमा दुई मत छैन ।

यसले सूचनाको शुद्धता र पत्रकारिताको नैतिकतामार्फत शान्ति स्थापनामा जोड दिएको मान्न सकिन्छ । मानवअधिकार, विकास र सुरक्षाका लागि प्रेस स्वतन्त्रताको प्रवर्द्धन आवश्यक रहेको यथार्थ स्वीकार गरिएको यो नारामार्फत पत्रकारिताको कालजयी महत्वलाई विश्वसामु पुऱ्याउने लक्ष्य राखिएको छ । आजको पत्रकारिता प्रविधिबाट निर्देशित हुन बाध्य छ भन्दा अनुचित हुँदैन । विशेषगरी इन्टरनेटको विकास भएपछिका दिनमा सञ्चार र पत्रकारिता क्षेत्रमा प्रविधिको हस्तक्षेप बढेको छ र यसका राम्रा नराम्रा दुवै प्रभाव अनुभूत गरिएको छ भन्दा अतिशयोक्ति हुँदैन । डिजिटल प्रविधिको अभावमा एक प्रकारले पत्रकारिता कर्म असम्भव प्रतीत भइरहेको वर्तमान विश्वमा पत्रकारिता गर्ने शैली पनि व्यापक प्रभावित छ । बुझ्नुपर्ने कुरा के हो भने शैलीमात्र प्रभावित भएको हो, पत्रकारिताको सिद्धान्त, मूल मर्म र उद्देश्यमा कुनै परिवर्तन आएको छैन । पत्रकारिताको भविष्यलाई लिएर विश्वव्यापीरुपमा चिन्ता व्यक्त गरिरहेको बेला नेपाललगायत सम्पूर्ण विश्वलाई पत्रकारिताको उद्देश्य र दायित्वका सन्दर्भमा एक पटक पुनः चेतना जागृत गर्न/गराउन यो नारा कालजयी महत्वको छ भन्ने कुरा स्वीकार गर्नैपर्छ । नेपालको बदलिँदो राजनीतिक परिवेशमा यो नाराको महत्व अझै सान्दर्भिक बन्न पुगेको छ । यो विषय अर्थात् नारा स्वयंमा निकै महत्वपूर्ण मात्र छैन विगतको तुलनामा अर्थपूर्ण पनि छ ।

एउटा कुरा निश्चित हो, यस पटकको नाराबाट युनेस्को पत्रकारिताको सार्वकालिक दायित्वका सम्बन्धमा गम्भीर छ भन्ने कुरा प्रमाणित भएको छ । हो, इन्टरनेटमा आधारित डिजिटल प्रविधिले पत्रकारिताका माध्यमहरुलाई तीव्र बनाएको छ । प्रभावकारी पनि बनाउने प्रयत्न गरेको छ । आमव्यक्तिमा सूचनाको शीघ्र सम्प्रेषणलाई सहज बनाएको छ । पत्रकारितालाई व्यावसायिक पत्रकारहरूको कित्ताबाट नागरिक पत्रकारिताको कित्तामा पुऱ्याउने काम गरेको छ ।

माथि उल्लेख गरिएका सन्दर्भमध्ये कति विषय उचित र कति अनुचित हुन्, त्यसका बारेमा बहस चल्दै गर्ला । तर वर्तमान अवस्थाले दुईवटा कुरा बडो गम्भीर ढंगले सोच्न उत्प्रेरित गरेको छ । पहिलो, पत्रकारिताको रचनात्मक (क्रिएटिभ) र विश्वसनीयताको पक्ष कमजोर बन्दै जानु । दोस्रो हो, डिजिटल प्रविधिको व्यवस्थापन र नियमनको बहानामा प्रेसमाथि राज्यको बढ्दो हस्तक्षेप ।

बाँकी पृष्ठ ३ मा...

# भीम विराग प्रतिष्ठानले ८ जनालाई सम्मान गर्ने




*विभिन्न विधामा प्रदान गरिने सम्मान तथा पुरस्कारबारे जानकारी दिनुहुँदै प्रतिष्ठानका अध्यक्ष श्रेष्ठ ।*

समाज संवाददाता

हेटौंडा: भीम विराग सङ्गीत साहित्य कला प्रतिष्ठान नेपालले यस वर्षको विभिन्न ८ वटा पुरस्कार तथा सम्मान प्राप्त गर्ने स्रस्टाहरु घोषणा गरेको छ। सोमबार पत्रकार सम्मेलन गर्दै प्रतिष्ठानले आउँदो बैशाख २७ गते विशेष सांगीतिक तथा साहित्यिक समारोहको आयोजना गर्दै प्रतिष्ठानले सम्मान तथा पुरस्कार समर्पण गर्ने जनाएको हो ।

प्रतिष्ठानले तुलसीमाया-शिवकुमारी सृजनशील नारी पुरस्कार, २०८२ मकवानपुरकी हस्तकला प्रशिक्षक रविना श्रेष्ठलाई प्रदान गर्ने भएको छ । मुक्तिगोविन्द वैद्यद्वारा संस्थापन गरिएको यस पुरस्कार राशि १५ हजार रुपैयाँ रहेको छ । भीम-मथुरा बाल प्रतिभा पुरस्कार, २०८२ हेटौंडाको सोलिड्यारिटी इन्टरनेसनल एकेडेमीमा अध्ययनरत उदीयमान गायिका अक्सा खातुनलाई प्रदान गरिने भएको छ। १० हजार रुपैयाँ राशिको यो पुरस्कार विन्दुगोपाल गोर्खालीले स्थापना गर्नुभएको हो ।

शिला नारी पुरस्कार, २०८२ मकवानपुरकी साहित्यकार तथा रङ्गकर्मी सङ्गीता थापा मगरलाई प्रदान गरिने भएको छ । आशीष श्रेष्ठले स्थापना गर्नुभएको यो पुरस्कारको राशि १५ हजार रुपैयाँ रहेको छ । यस्तै, रामकृष्ण बानियाँ स्मृति लोक सङ्गीत पुरस्कार, २०८२ लमजुङका लोकगायक राजु परियारलाई प्रदान गरिने भएको छ। २० हजार रुपैयाँ राशि रहेको यो पुरस्कार चुनु बानियाँले स्थापना गर्नुभएको हो ।

चिनुकुमारी लामा स्मृति साहित्य पुरस्कार, २०८२ साहित्य सङ्गम मकवानपुरलाई प्रदान गरिने भएको छ । १५ हजार राशिसहितको सो पुरस्कारका संस्थापक रामबहादुर पाख्रिन हुनुहुन्छ। यसैगरी, मंगलादेवी स्मृति स्वास्थ्य सेवा पुरस्कार, २०८२ हेटौंडाका स्वास्थ्यकर्मी राजु गुरुङलाई प्रदान गरिने भएको छ। देवप्रसाद श्रेष्ठ र दीपकप्रसाद श्रेष्ठले संयुक्तरुपमा स्थापना गर्नुभएको यो पुरस्कारको राशि १० हजार रुपैयाँ रहेको छ । अजित सेन गुप्ता भिन्न क्षमता पुरस्कार, २०८२ थाहा नगर पालिकाका चित्रकार अमीर बोम्जनलाई प्रदान गरिने भएको छ । रोशन सेन गुप्ताले स्थापना गर्नुभएको यो पुरस्कार राशि १० हजार रुपैयाँ रहेको छ । इन्द्रकुमार कोजु स्मृति पुरस्कार, २०८२ ज्ञानोदय बालबाटिकामा अध्ययनरत नवोदित खेलाडी अप्सना उप्रेतीलाई प्रदान गरिने भएको छ। चम्पा कोजु संस्थापक रहेको यस पुरस्कारको राशी १० हजार रुपैयाँ रहेको छ ।

पुरस्कार तथा सम्मान प्रदान गर्ने दिन नै प्रतिष्ठानको २३ औं साधारणसभा तथा आठौं अधिवेशन समेत सम्पन्न हुने प्रतिष्ठानका अध्यक्ष केशवलाल श्रेष्ठले जानकारी दिनुभयो । वरिष्ठ कलासाधक भीम विरागको बहुआयामिक व्यक्तित्वप्रति सम्मानस्वरुप विसं २०५९ भाद्र ७ गते यस प्रतिष्ठानको स्थापना भएको हो । प्रतिष्ठानले वार्षिकरुपमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार तथा सम्मान समर्पण गर्दै आइरहेको छ । देश तथा विदेशमा रही नेपाली वाङ्मयको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आउनुभएका सर्जक, स्रष्टाहरूलाई सम्मानित एवम् पुरस्कृत गर्दै आइरहेको छ ।

# मुख्यमन्त्रीलाई दिएको समर्थन फिर्ता

समाज संवाददाता

हेटौंडा : जनमत पार्टीका ९ सांसदले मधेशका मुख्यमन्त्रीलाई दिएको समर्थन फिर्ता लिए

काठमाडौं । जनमत पार्टीका बहुमत सांसदहरूले कांग्रेसका कृष्ण यादव नेतृत्वको मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएका छन् ।

जनमत पार्टीका ९ जना सांसदहरूले फिर्ता लिएको पत्र पठाएका छन् जनमत पार्टीका महासचिव समेत रहेका प्रमुख सचेतक चन्दन सिंहका अनुसार पार्टीका राष्टिृय अध्यक्ष सिके राउतसँगको सल्लाहमा पार्टी संसदीय दलका बुहमत सदस्यले मधेश सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेका हुन् ।

'सरकार बनेदेखि नै मधेश प्रदेशमा मुख्यमन्त्रीले गरेका काम ठीक थिएनन् त्यसैले हामीले हाम्रो पार्टीको समर्थन फिर्ता लिने निर्णय गरेका हौं' महासचिव सिंहले अनलाइनखबरसँग भने ।

मधेश सरकारमा जनमत पार्टीबाट संसदीय दलका नेता र महेश यादव अर्थमन्त्री र बसन्त कुशवाहा युवा तथा समाजकल्याण मन्त्री छन् । प्रदेश सभामा जनमत पार्टीका हाल १२ जना सदस्य छन्। ती मध्ये बबिताकुमारी राउत उपसभामुख छिन् ।

मधेशमा एमाले बाहेक सबै दल मिलेर सरकार बनेको छ । जनमत पार्टीका सांसदहरूको यो निर्णयसँगै कांग्रेस नेतृत्वको सरकारको विकल्पमा वैकल्पिक गठबन्धन बन्न खोजेको संकेत देखा परेको छ ।

१०७ सदस्यीय प्रदेश सभामा बहुमतका लागि ५४ जना चाहिन्छ। प्रदेश सभामा हाल नेकपा एमालेका २४, नेपाली कांग्रेसका २२, जसपा नेपालका १८, जनमतका १२, नेकपा माओवादी केन्द्रका ९, लोसपाका ८, नेकपा एकीकृत समाजवादीका ७ सांसद छन्। यस्तै राप्रपा नेपाल, नागरिक उन्मुक्ति पार्टी र नेपाल सङ्घीय समाजवादी पार्टीको एक-एक सिट रहेको छ ।

# बैकुण्ठमा बर्थिङ सेन्टर सञ्चालन



*बर्थिङ सेन्टरको उद्घाटन गर्नुहुँदै गाउँपालिका अध्यक्ष मुक्तान ।*

समाज संवाददाता

हेटौंडा: मकवानपुरको विकट मानिने कैलाश गाउँपालिका-२, बैकुण्ठमा बर्थिङ सेन्टर तथा प्रसुती केन्द्र सञ्चालनमा आएको छ। धादिङ जिल्लाको रोराङ बेनिघाट गाउँपालिकाको ४ नम्बर वडासँग सिमाना गाँसिएको कैलाश बैकुण्ठ क्षेत्रका गर्भवती महिलाहरुले अब आफ्नै गाउँघरको बर्थिङ सेन्टरमा सुत्केरी गराउन पाउने भएका छन् ।

गाउँपालिकाले प्रत्येक वडामा बर्थिङ सेन्टर सञ्चालन गरी सेवा प्रवाह गर्ने लक्ष्यका साथ २ नम्बर वडामा प्रसुती केन्द्र सञ्चालन सुरु गरिएको हो । यसअघि घण्टौं यात्रापश्चात वडा १ को वरभञ्ज्याङ पुग्नुपर्ने बाध्यता हटेको छ । गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले बर्थिङ सेन्टर उद्घाटन गर्दै प्रत्येक वडामा आधारभूत स्वास्थ्य केन्द्र भइसकेको बताउनुभयो। उहाँले पालिकाको दुईवटा वडामा मात्रै बर्थिङ सेन्टर सञ्चालन गर्न बाँकी रहेको बताउनुभयो ।

बच्चा र आमाको स्वास्थ्य सुरक्षा होस् र होम डेलिभरीको अन्त्य गर्ने उद्देश्यले केन्द्र निर्माण गरी सञ्चालनमा ल्याएको उहाँको भनाइ छ । महिलाहरुलाई सुत्केरी बेथा लागेपछि जोखिम लिएर डाँडाखर्क, पालुङ, मनहरी, हेटौंडासम्म जानुपर्ने बाध्यतालाई अन्त्य गर्न केन्द्रको निर्माण गरेको अध्यक्ष मुक्तानले बताउनुभयो ।

कैलाश बैकुण्ठमात्रै नभई छिमेकी गाउँपालिकाले पनि शिशु मृत्युदर र मातृ मृत्युदर कम गर्न, आमा र शिशुको स्वास्थ्यको सुरक्षाको लाभ लिन सक्ने उहाँले बताउनुभयो। राज्यको मापदण्ड अनुरुप कैलाश गाउँपालिकाले स्वास्थ्यका क्षेत्रमा धेरै कार्यक्रमहरु गर्दै आइरहेको छ। निःशुल्क औषधि प्रदान, पोषण कार्यक्रम, खोप कार्यक्रमलगायत धेरै कार्यक्रमहरु गर्दै आइरहेको छ। ललितबहादुर मुक्तानले प्रदान गर्नुभएको तीन रोपनी जग्गामा गाउँपालिकाको १० लाख लागतमा २ कोठे भवन निर्माण गरेको हो ।

बर्थिङ सेन्टर सञ्चालनका लागि सम्पूर्ण सामाग्री र भौतिक संरचना पूर्ण रहेको वडाध्यक्ष राजेन्द्र घिसिङले बताउनुभयो । उहाँले मातृशिशु मृत्युदर घटाउनकै लागि प्रसुती केन्द्र निर्माण गरिएको बताउनुभयो। २ नम्बर वडा अध्यक्ष राजेन्द्र घिसिङको अध्यक्षतामा भएको कार्यक्रममा स्वास्थ्य शाखा प्रमुख तिलकप्रसाद गौतम, वडा सदस्यद्वय फूलमाया सुनार र सूर्यबहादुर स्याङ्तान, जग्गादाता ललितबहादुर मुक्तान, बैकुण्ठ आधारभूत स्वास्थ्य सेवा केन्द्रका प्रमुख विश्वनाथ सिंहलगायतको आतिथ्य रहेको थियो ।

# नवप्रवेशी शिक्षकलाई सेवा प्रवेश तालिम

काठमाडौं । मुलुकभर सञ्चालित १८ वटै विश्वविद्यालयहरूको सर्वोच्च निकाय विश्वविद्यालय सभा (सिनेट) बाट प्राध्यापक सङ्घ, कर्मचारी सङ्घ र विद्यार्थी सङ्गठनको प्रतिनिधित्व हटाइएको छ ।

सरकारले ल्याएको विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेशले देशभरका सबै विश्वविद्यालयमा रहेका यस्ता प्रतिनिधित्वलाई हटाउने व्यवस्था गरेको हो । यसअघि अधिकांश विश्वविद्यालय सभामा प्राध्यापक (शिक्षक) सङ्घ, कर्मचारी सङ्घ र स्वतन्त्र विद्यार्थी युनियन (स्ववियू) का प्रतिनिधिहरू रहने व्यवस्था थियो। सम्बन्धित संस्थाबाट निर्वाचित व्यक्ति प्रतिनिधि पदेन हुने व्यवस्था भएकोले यसमा कुनै नियुक्ति व्यवस्था हुँदैनथ्यो ।

नयाँ व्यवस्थाअनुसार प्राध्यापक सङ्घको प्रतिनिधिको सट्टा समग्र प्राध्यापकहरूमध्येबाट छानिएका व्यक्ति सभामा रहने व्यवस्था गरिएको छ । त्यसैगरी कर्मचारी सङ्घको प्रतिनिधिको सट्टा कर्मचारीहरूमध्येबाट छानिएका प्रतिनिधि रहनेछन्। विद्यार्थीको हकमा पनि यसअघि स्ववियू सभापतिहरूमध्येबाट एक जना प्रतिनिधि रहने व्यवस्थालाई हटाएर आम विद्यार्थीहरूमध्येबाट एक जना प्रतिनिधि रहने व्यवस्था गरिएको छ। यस्ता प्रतिनिधि छान्ने अधिकार कुलपतिलाई दिइएको छ ।

अध्यादेशले विश्वविद्यालयका उपकुलपति, शिक्षाध्यक्ष (रेक्टर) र कुलसचिव (रजिष्ट्रार) नियुक्तिको लागि योग्यता निर्धारण समेत गरेको छ ।

त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, पूर्वाञ्चल, पोखरा विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय, नेपाल खुला विश्वविद्यालय, राजर्षी जनक विश्वविद्यालय जस्ता बहुविषयगत विश्वविद्यालयका उपकुलपति र शिक्षाध्यक्ष हुन कुनै पनि विषयमा विद्यावारिधि उपाधि हासिल गरी अध्यापन वा अनुसन्धानको क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव हासिल गरेको हुनुपर्नेछ । यद्यपि यसअघि पनि योग्यताको हिसाबले कमजोर व्यक्ति उपकुलपति भएका भने थिएनन् ।

**नयाँ व्यवस्थाअनुसार प्राध्यापक संघको प्रतिनिधिको सट्टा समग्र प्राध्यापकहरूमध्येबाट छानिएका व्यक्ति सभामा रहने व्यवस्था गरिएको छ ।**

यसबाहेक नेपाल संस्कृत विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालय लगायत विशिष्टीकृत विश्वविद्यालयमा सम्बन्धित क्षेत्रमै विद्यावारिधि उपाधि हासिल हुनुपर्ने व्यवस्था गरिएको छ ।

उदाहरणका लागि नेपाल संस्कृत विश्वविद्यालयको उपकुलपति तथा शिक्षाध्यक्ष बन्न अब संस्कृत भाषा वा साहित्यमा विद्यावारिधि गरेको हुनुपर्नेछ । त्यस्तै, लुम्बिनी बौद्ध विश्वविद्यालयको उपकुलपति र शिक्षाध्यक्ष बन्न बौद्ध दर्शनमा विद्यावारिधि अनिवार्य गरिएको छ । कृषि तथा वन विज्ञान विश्वविद्यालयको उपकुलपतिका लागि कृषि, भेटेनरी तथा वन विज्ञानमा विद्यावारिधि उपाधि हासिल गरेको हुनुपर्नेछ ।

पछिल्लो समय खुलेका नयाँ विश्वविद्यालयहरूमा भने उपकुलपतिको योग्यता यसअघि नै निर्धारण गरिएको हुनाले ती विश्वविद्यालयमा यसलाई यथावत् नै राखिएको छ । त्यस्तै, रजिष्ट्रार वा कुल सचिव हुनको लागि पनि बहुविषयगत विश्वविद्यालयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी कम्तीमा १० वर्षको अनुभव हुनुपर्ने व्यवस्था गरिएको छ ।

### उपकुलपति छनोट समितिको योग्यता तोकियो

अध्यादेश जारी हुनुअघि उपकुलपति नियुक्तिका लागि कुलपतिको रूपमा रहेका प्रधानमन्त्रीले विश्वविद्यालय सभाका सदस्य मध्येबाट तीन जनाको समिति बनाउने र उक्त समितिले सिफारिस गरेको व्यक्तिलाई उपकुलपति नियुक्त गर्ने व्यवस्था रहेको थियो ।

यसो हुँदा जस्तोसुकै व्यक्ति पनि समितिमा आउन सक्ने सम्भावना थियो । यसले कमजोर व्यक्तिलाई बन्न सक्ने सम्भावना थियो। अब भने एनमै उपकुलपतिको योग्यता तोकिएको छ । नयाँ व्यवस्थाअनुसार उपकुलपति नियुक्त गर्ने सिफारिस समितिको संयोजक नै उपकुलपति बन्ने योग्यता भएको व्यक्ति हुनुपर्नेछ ।

त्यस्तै, समितिका अन्य सदस्यहरूमा पूर्व उपकुलपति, पूर्वशिक्षाध्यक्ष र पूर्वकुलसचिवमध्ये एक भइसकेका व्यक्ति हुनुपर्नेछ भने अर्को एक सदस्य शैक्षिक व्यवस्थापनमा १० वर्षको अनुभव हासिल गरेको व्यक्ति हुनुपर्ने व्यवस्था गरिएको छ ।

### अध्यादेशबारे तीन वटै संगठनको विरोध

विश्वविद्यालय सभाबाट प्राध्यापक सङ्घ, शिक्षक सङ्घ र विद्यार्थी सङ्घको प्रतिनिधित्व हटाउने विषयमा तीन वटै सङ्गठनले विरोध गरेका छन् ।

देशकै सबैभन्दा ठुलो र धेरै विद्यार्थी भएको त्रिभुवन विश्वविद्यालयको प्राध्यापक सङ्घका अध्यक्ष बसन्त ढकाल अध्यादेशमार्फत गरिएको यो कदम सरकारको तानाशाही यात्राको सुरुवात भएको बताउँछन् । 'यो सरकार तानाशाहतर्फ उन्मुख छ,' उनी भन्छन् ।

त्यस्तै, त्रिविकै कर्मचारी सङ्घका अध्यक्ष छत्रबहादुर कार्की पनि यो व्यवस्था सङ्गठन गर्न पाउने हक र अन्तर्राष्ट्रिय श्रम सङ्गठनको हकविपरित भएको बताउँछन् । अबको सभामा प्रतिनिधित्व हुने कर्मचारी सरकार वा उपकुलपतिको तजबिजिमा छनोट हुने भएकोले यसले कर्मचारीको भावनालाई प्रतिनिधित्व नगर्ने उनको भनाइ छ।

'अहिलेसम्म त्रिविसभामा हाम्रो प्रतिनिधित्व भए पनि कार्यकारी परिषद्मा थिएन। हामीले त रजिष्ट्रार नै कर्मचारीको तर्फबाट हुनुपर्छ भनेका थियौं, त्यो नहुनु दुःखद हो' उनी भन्छन्। त्रिवि सभा सदस्य रहेर अध्यादेशकै कारण पदमुक्त भएका स्वतन्त्र विद्यार्थी युनियन केन्द्रीय क्याम्पसका सभापति दीपकराज जोशी यो कदमले विश्वविद्यालयमा सरकारी छायाँ बन्ने बताउँछन् । उनले यसले विश्वविद्यालयमा प्राज्ञिक शून्यताको अवस्था सिर्जना गर्ने उनको दावी छ। *स्रोत : रातोपाटी*

# सरकारले अध्यादेश हुबहु पठायो

समाज संवाददाता

काठमाडौं : सरकारले संवैधानिक परिषद् (पहिलो संशोधन) अध्यादेश २०८३ लाई कुनै परिमार्जन नगरी पुनः प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाउने निर्णय गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त अध्यादेशलाई 'हुबहु' अगाडि बढाउने निर्णय गरेको हो ।

आइतबार मात्र राष्ट्रपतिले उक्त अध्यादेशमा पुनर्विचार गर्न आवश्यक रहेको भन्दै सरकारलाई फिर्ता पठाएका थिए। तर, सरकारले राष्ट्रपतिको सुझावअनुसार कुनै परिवर्तन नगई पुरानै मस्यौदालाई पुनः सिफारिस गर्ने निर्णय लिएको सरकारका प्रवक्ता एवं शिक्षामन्त्री सस्मित पोखरेलले बताए ।

उनले भने, 'संवैधानिक परिषद् पहिलो संशोधन अध्यादेश २०८३ सम्माननीय राष्ट्रपतिज्यूबाट पुनर्विचारका लागि फिर्ता भएकोमा, उक्त अध्यादेश जारी गर्न सम्माननीय राष्ट्रपति समक्ष पुनः सिफारिस गर्ने निर्णय भएको छ ।'

## बुधबारे बालसाहित्य

**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।**

**सम्पादक**

# स्वस्थ बाल प्रतिस्पर्धामा जेनिश स्याङ्तान प्रथम




*स्वस्थ बालबालिका प्रतिस्पर्धामा प्रथम हुन सफल जेनिश स्याङ्तानलाई पुरस्कृत गर्नुहुँदै गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तान ।*

समाज संवाददाता

हेटौंडा : मकवानपुरको कैलाश गाउँपालिका-९, नामटारमा भएको वडास्तरीय स्वस्थ बाल प्रतिस्पर्धामा जेनिश स्याङ्तान (२६ महिना) प्रथम भएका छन्। नामटार स्वास्थ्य चौकी अन्तर्गत भएको ६ महिनादेखि ३६ महिनासम्मका बालबालिकाहरुको विभिन्न सूचकमा रहेर गरिएको प्रतिस्पर्धामा आशिका रुम्बा (३४ महिना) द्वितीय भएकी छिन् भने सन्ध्या बल (३३ महिना) तृतीय भएकी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख तिलकप्रसाद गौतमले बताए । प्रतियोगितामा ४६ जना बालबालिकाले प्रतिस्पर्धा गरेका थिए ।

वडाध्यक्ष एवम् स्वास्थ्य चौकीका अध्यक्ष भूवन सिंह घलानको अध्यक्षता तथा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । कार्यक्रममा बोल्दै अध्यक्ष मुक्तानले स्वस्थ बालबालिका थाहा पाउन प्रतिस्पर्धात्मक कार्यक्रमले थप टेवा पुग्ने बताए। सुनौला हजार दिनभित्र देखिनै आमा र बच्चाको स्वास्थ्य अवस्था नियमित जाँच गरिरहनुपर्ने बताउँदै सरकारले ल्याएको मापदण्ड र विभिन्न सूचकमा रहेर प्रतिस्पर्धा गरिएको उनले बताए ।

बच्चाको स्वास्थ्य सम्बन्धी ज्ञान आमासँग रहने भएकाले बच्चाको स्वास्थ्यबारे थाहा पाइराख्नु र विरामी पश्चातको उपचार समेत आमाहरुले जानकारी भइराख्नुपर्ने अध्यक्ष मुक्तानले बताए । पोषण कार्यक्रमले आमा र बच्चाको स्वास्थ्य अवस्थालाई सन्तुलन गरिनुका साथै गाउँपालिकाले आमा र बच्चालाई विभिन्न स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु गरिरहेको बताए ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले स्वस्थ बच्चा थाहा पाउन स्वास्थ्य संस्थामा पुगेर नियमित स्वास्थ्य जाँच गरिरहनुपर्ने बताए। कार्यक्रममा स्वास्थ्य शाखा प्रमुख तिलकप्रसाद गौतम, सिनियर अहेव सुधिर महत्तो, नामटार स्वास्थ्य चौकीका प्रमुख पंकज साहको आतिथ्य रहेको थियो ।

# शान्तिपूर्ण भविष्य निर्माण

यी यस्ता प्रमुख कारण हुन् जसका आधारमा वर्तमान विश्वमा प्रेस, विचार तथा अभिव्यक्ति स्वतन्त्रता जोखिममा परेको अनुभव गरिएको छ र मानवअधिकार, विकास, सुरक्षाका सन्दर्भमा अनेक प्रश्न उब्जिने अवस्थाको सिर्जना भएको छ । पत्रकारले अल्छीलाग्दो पाराले सजिलो कार्यशैली अपनाउन खोज्दा 'अल्गोरिदम' जस्ता आधुनिक प्रविधिको प्रभाव अत्यधिक बढेको छ र पत्रकारिताको मौलिक स्वरुपमा क्षयीकरण भइरहेको छ भन्दा गलत ठहर्दैन । प्रविधिको अनियन्त्रित, अवैज्ञानिक र असान्दर्भिक प्रयोगका कारण मानिसको सोच्ने र विचार निर्माण गर्ने प्रक्रिया नै प्रभावित भइरहेको छ । र, मिडियाले सकारात्मक हस्तक्षेप गर्न सकिरहेको छैन भने मिडिया वा प्रेसको कार्यशैली तथा प्रभावकारिताबारे सोच्ने कि नसोच्ने ? यी सबै कुराको सम्बन्ध मानवअधिकार, विकास तथा सुरक्षासँग छ कि छैन भनेर विश्लेषण गर्ने कि नगर्ने ? बहस अपेक्षित छ ।

आजको विश्वमा सूचना सङ्कलन र सम्प्रेषणका सन्दर्भमा प्रयोग गरिने विभिन्न संयन्त्रका कारण आजको मानिस पाइलापाइलामा असुरक्षित बन्न पुगेका छन् । कहाँसम्म भने मानिसले के सुन्न, हेर्न र पढ्न मन पराउँछ वा पराउँदैन भन्ने व्यक्तिगत रुचीसम्बन्धी जानकारीमा पनि प्रविधिको नियन्त्रण स्थापित हुन पुगेको छ । व्यक्तिगत तथ्य र तथ्यांकको त कुरै भएन । यस आधारमा एउटा प्रश्न गर्न सकिन्छ, आधुनिक सञ्चार प्रविधिको उपयोग/दुरुपयोग गरेर आजका विश्वका सरकारहरू नागरिकको मौलिक अधिकारमाथि चुनौती थप्न उद्यत हुने सम्भावना रहन्छ कि रहन्न ?

प्रविधिको प्रयोगले पत्रकारितालाई प्रतिस्पर्धी बनाएको छ। शीघ्र सूचना संप्रेषणका लोभमा र अरुभन्दा बढी लाइक, कमेन्ट र शेयर प्राप्त गर्ने अपेक्षमा पत्रकारले पत्रकारिताका माध्यमबाट आफूसँग भएका सूचना बिना प्रशोधन हतारमा सम्प्रेषण गरिरहेको छ । यसबाट सर्वाधिक प्रभावित भइरहेको छ मानवअधिकार । शीघ्र सूचना सम्प्रेषणको प्रवृत्तिले सूचनाको सत्य स्थापित गर्न आवश्यक सम्पादकीय प्रक्रिया (एडिटोरियल प्रोसेस) र 'गेट किपिग' को अवधारणालाई अनुसरण गर्न सकेको हुँदैन । यसले निश्चय पनि समाचारमा विश्वसनीयताको संकट निम्त्याउँछ। नेपालको अवस्था पनि अपवाद छैन । यतिखेर यहाँका सञ्चारमाध्यमले विश्वसनीयताको संकट बेहोर्न बाध्य हुनुपरेको छ । यसको एक मूल कारण यही डिजिटल प्रविधि आधारित प्रतिस्पर्धा हो ।

आजको पत्रकारिता प्रविधिबाट यति बढी प्रभावित भइसक्यो कि मानिसले प्रतिस्पर्धा गर्न सक्ने सम्भावनाका सन्दर्भमा क्रमशः चुनौती थपिँदै छन् । आज पत्रकारितामा रोबोट र आर्टिफिसियल इन्टेलीजेन्स अर्थात कृत्रिम बौद्धिकताको प्रयोग भइरहेको अवस्था छ । प्रविधिको यस हदसम्मको प्रयोगले पत्रकारितालाई क्रमशः परनिर्भरतातर्फ धकेलिरहेको छ भन्दा अस्वाभाविक हुँदैन । यस्तोमा पत्रकारिताको मौलिकतामाथि संकट निम्तिन सक्ने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन ।

यसको एकमात्र उपाय छ, त्यो हो पत्रकारको स्वसक्रियता । पत्रकारले प्रविधि निर्देशित कन्टेन्ट (विषय) मा भर पर्नुको साटो आफू सक्रिय हुनु आवश्यक छ । यो अवस्थाको उपस्थितिमा मात्र युनेस्कोले तय गरेको नाराले सार्थकता प्राप्त गर्न सक्नेछ, होइन भने पत्रकारिताको अवस्था दिनानुदिन ओरालो लाग्ने निश्चित छ । यो अवस्थाबाट सूचना र विचारको नियन्त्रणमा विश्वास राख्ने सरकारहरूलाई त खुसी नै लाग्ला तर अधिकार गुमाउन बाध्य जनसामान्यका लागि भने यो भन्दा ठुलो दुखदायी अवस्था अरू हुने छैन ।

माथि पनि चर्चा गरियो, नेपाल पनि माथिको अवस्थाको अपवाद छैन । पछिल्लो समयमा नेपालमा डिजिटल प्रविधिले उत्पन्न गरेको प्रभावका कारण त समस्या उत्पन्न भएकै छ व्यवस्थित र नियमन गर्ने नाममा पत्रकारिता क्षेत्रमा राज्यको हस्तक्षेप बढेको अनुभव गरिएको छ । कतिपय सन्दर्भमा पत्रकारिता मानसिक दबाबको सिकार भएको अनुभव गरिँदै छ। सूचना सङ्कलन, सम्पादन र सम्प्रेषणसँग सम्बन्धित समस्याका साथै विज्ञापन-व्यवसायको अनिश्चितताको उपस्थितिमा पत्रकारिताले आफ्नो निर्दिष्ट लक्ष्य प्राप्त गर्न कठिन हुने कुरामा बिमति हुन सक्दैन। यस्तोमा युनेस्कोको नाराले अर्थ प्राप्त गर्नु सहज हुँदैन ।

युनेस्कोको नारा नेपालका सन्दर्भमा पनि सान्दर्भिक रहेको पक्षमा दुई मत हुन सक्दैन । इन्टरनेटको विकासपछि न्यू मिडिया निकै सशक्त ढंगले उपस्थित भएको छ । यसले सामाजिक सञ्जाल र अनलाइनको प्रयोगलाई जनसामान्यको पहुँचमा ल्याएको छ। आज सूचना सम्प्रेषणका लागि पत्रकार नै भइरहनुपर्छ भन्ने मान्यता क्रमशः अस्वीकृत भइरहेको छ ।

तर जनसामान्यको पहुँचमा पुगेका डिजिटल प्लेटफर्महरु मार्फत् सम्प्रेषित सूचनाको आँधीबेहरीले विश्वसनीयताको संकट निम्त्याएको छ, यसमा दुई मत हुन सक्दैन । यस आधारमा भन्न सकिन्छ, पत्रकारिताले आफ्नो मौलिक महत्व र प्रक्रिया गुमाउँदै छ । यसैले त युनेस्कोले आफ्नो नारामार्फत सम्पूर्ण विश्वलाई घचघच्याउने कार्य गरेको छ । आशा गरौं, प्रेस स्वतन्त्रताको प्रवर्द्धनका माध्यमबाट मानवीय विकास र सुरक्षा सुनिश्चित गर्न आवश्यक वातावरणको निर्माणका दिशामा सरोकारवालाहरू सक्रिय हुनेछन् । *स्रोत : रातोपाटी*

## बागमती गोल्डकप-२०८३

# फ्रेन्ड्स क्लब सेमिफाइनलमा



फ्रेन्ड्स क्लबको टिम ।

समाज संवाददाता

हेटौँडा : ललितपुरको फ्रेन्ड्स क्लब मकवानपुरको बागमती गाउँपालिकामा जारी आठौं संस्करणको बागमती गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ ।

सोमबार सहिद स्मृति रंगशालामा भएको खेलमा फ्रेन्ड्सले काठमाडौंको प्लानिङ ब्वाईज युनाईटेडलाई टाइब्रेकरमा ३-२ गोलले हराउँदै सेमिफाइनलको यात्रा तय गरेको हो ।

निर्धारित समय गोलरहित बराबरी भएपछि खेलको नतिजा टाइब्रेकरबाट लिएको हो । टाइब्रेकरमा प्लानिङका लागि कप्तान फागुराम थारु र शिशिर लेखीको प्रहार गोल भयो भने प्रताप सिं राई, पुजन थापा र निङमा घिसिङको प्रहार बाहिरियो । फेन्ड्सका लागि सुदर्शन श्रेष्ठ, प्रशान्त लक्ष्मी र दिपेश गुरुङले गोल गरे भने कप्तान रुपेश केसी र योगेश गुरुङको प्रहार बाहिरियो । प्लेयर अफ दि म्याच फ्रेन्ड्सका महेन्द्र कार्की घोषित भए । उनले १० हजार रुपैयाँ प्राप्त गरे ।

फ्रेन्ड्सले अब सेमिफाइनलमा सर्लाहीको बागमती युथसँग खेल्नेछ । प्रतियोगिताको सेमिफाइनल खेल बुधबार र बिहिबार हुनेछ भने फाइनल खेल शनिबार हुनेछ । प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले ५ लाख पाउने छन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ र विधागत उत्कृष्टहरुले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

# उपमेयर कपमा हेटौँडा फुटबल एकेडेमी

समाज संवाददाता

हेटौँडा: हेटौँडा फुटबल एकेडेमीले बुटवलमा आयोजना हुने उपमेयर कप महिला फुटबल प्रतियोगिता खेल्ने भएको छ । प्रतियोगितामा एकेडेमीको महिला टोलीले सहभागिता जनाउने एकेडेमीका मुख्य प्रशिक्षक भीम लामाले जानकारी दिनुभयो ।

रुपन्देहीको बुटवल उपमहानगरपालिकाको संहयोग तथा बीस पचहत्तर युवा परिवारको आयोजनामा प्रतियोगिता हुन लागेको हो । प्रतियोगिता बैशाख २६ गतेदेखि जेठ २ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगिता नकआउट प्रणालीमा सञ्चालन हुनेछ ।

आयोजकसहित प्रतियोगितामा आठ वटा टोलीको सहभागिता रहनेछ । प्रतियोगिताको विजेता टोलीले २ लाख ५० हजार र उपविजेताले १ लाख २५ हजार रुपैयाँ पुरस्कार पाउनेछन् । यसैगरी सर्वोत्कृष्ट खेलाडीले २५ हजार र अन्य विधागत उत्कृष्ट खेलाडीहरुले जनही १०-१० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् ।

सामुदायिक रेडियो,
रेडियो निकास ६३.४
मेगाहर्ज सुनौं
र सुनाऔं

# गौरीटारमा क्रिकेट रंगशाला निर्माण



गौरिटार रंगशालामा निर्माण भएको क्रिकेट रंगशाला ।

समाज संवाददाता

हेटौँडा: हेटौँडा-६ स्थित गौरीटार रंगशाला परिसरमा क्रिकेट रंगशाला निर्माण पूरा भएको छ । दुई वर्ष अगाडि निर्माण सुरु गरिएको रंगशाला यहि बैशाख महिनामा सम्पन्न भएको हो ।

मकवानपुर क्रिकेट संघका सचिव विनोदकुमार बानियाँका अनुसार रंगशालामा १ हजार दर्शक अट्ने प्यारापिट, ग्राउन्ड लक स्प्रिङ्ग, ५ वटा क्रिकेट पिच, ड्रेसिङ रुम, व्यवस्थित शौचालय, मिडिया रुमलगायतका संरचनाहरु निर्माण भइसकेका छन् । क्रिकेट मैदान निर्माणका लागि एसएसपी-एचकेसी जेभीले ११ करोड ७४ लाखमा निर्माणको ठेक्का पाएको थियो । उक्त कम्पनीले २०८२ असार मसान्तसम्म रंगशालामा ६ हजार भीआईपी अट्ने प्यारापिट, ग्राउन्ड लक स्प्रिङ्ग, ५ वटा क्रिकेट पिच, स्कोर बोर्डलगायत फिनिसिङका कामहरु सकिने गरी ठेक्का पाएका थिए ।

२०८१ साल बैशाख २४ गते बागमती प्रदेश सरकारका तत्कालीन मुख्यमन्त्री शालिकराम जम्कट्टेलले रंगशालाको शिलान्याश गर्नुभएको थियो । सचिव बानियाँका अनुसार बागमती खेलकुद परिषदले एउटा प्रतियोगिता आयोजना गरेर र ंगशालाको उद्घाटन गर्ने योजना छ ।

यसैबीच, मकवानपुर क्रिकेट संघले वाइवाइ यु-१९ पुरुष एकदिवसीय क्रिकेट प्रतियोगिता २०८३ का लागि जिल्लास्तरीय छनोट प्रतियोगिता सञ्चालन गर्दैछ । प्रतियोगिता आउँदो जेठ २ गतेदेखि ६ गतेसम्म हेटौँडा-४ स्थित हुप्रचौरमा सञ्चालन हुनेछ ।

यस वर्ष जिल्लास्तरीय छनोटका लागि ६५ जना खेलाडीले नाम दर्ता गराएका छन् । जसमध्ये केही नयाँ र केही पहिला छनोट प्रतियोगिता खेलिसकेका खेलाडीहरु रहेको सचिव बानियाँले बताउनुभयो । छनोटका लागि नाम दर्ता गराएका खेलाडीहरुलाई ५ वटा टिममा विभाजन गरिएको छ । प्रत्येक टिमले एकअर्कासँग एकदिवसीय अभ्यास खेल्नेछ । अभ्यास खेलको प्रदर्शनका आधारमा सुरुमा २२ जना खेलाडीलाई छनोट गरिनेछ ।

मकवानपुर जिल्लाबाट बागमती प्रदेशको यु-१९ को टोलीमा प्रत्येक वर्ष ३-४ खेलाडी छनोट हुने गरेको उहाँले बताउनुभयो । सन् २०१२ मा अस्ट्रेलियमा भएको यु-१९ वर्ल्डकपमा मकवानपुरका रामनरेश गिरीले नेपाल यु-१९ को टिमबाट खेलेका थिए ।

# छुट्टाछुट्टै घटनामा ३ जिल्लामा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशको ३ जिल्लामा छुट्टाछुट्टै घटनामा ३ जनाको मृत्यु भएको छ । प्रदेशको धादिङ, चितवन र सिन्धुली जिल्लामा आइतबार ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

सिन्धुलीको दुधौली नगरपालिका-१३, भित्रियामा भिरबाट लडेर एक पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा ४६ वर्षीय टिका सुनुवार रहेको प्रहरीले जानकारी दिएको छ । शनिबार दिउँसो १ बजेको समयमा घरबाट हिँडेपछि टिका सम्पर्कविहीन भएका थिए । उनलाई खोजी गर्ने क्रममा आइतबार बिहान ७ बजेर ३० मिनेटको समयमा डिलमुनी खोलाको १० मिटर तल घाइते अवस्थामा फेला परेका थिए ।

उनलाई उपचारका लागि प्रादेशिक अस्पतालमा सामान्य उपचारपछि थप उपचारका लागि काठमाडौं लैजाँदै गर्दा बाटोमै अवस्था बिग्रिएपछि जिल्ला अस्पताल सिन्धुली लगिएको थियो । उपचारका क्रममा दिउँसो १ बजेको समयमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

चितवनको भरतपुर महानगरपालिका-१७, गोब्रेनी मझुवास्थित नारायणी नदीमा डुबेर बेपत्ता भएका एक वृद्ध मृत अवस्थामा फेला परेका छन् । मृत फेला पर्नेमा ६० वर्षीय गोपाल दराई रहेको प्रहरीले जानकारी दिएको छ । बिहीबार दिउँसो २ बजेको समयमा माछा मार्ने क्रममा नारायणी नदीमा डुबेर गोपाल बेपत्ता भएका थिए । उनलाई खोजी गर्दै जाँदा आइतबार साँझ ५ बजेर ३० मिनेटको समयमा सोही क्षेत्रमा नदी किनारमा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

धादिङको निलकण्ठ नगरपालिका-९ मा एक वृद्ध मृत फेला परेका छन् । मृत फेला पर्नेमा ८२ वर्षीय मोतिलाल सार्की रहेको प्रहरीले जानकारी दिएको छ । सार्की बैशाख ६ गतेदेखि हराएका थिए । उनलाई खोजी गर्दै जाँदा आइतबार दिउँसो १२ बजेर ५० मिनेटको समयमा निलकण्ठ नगरपालिका-११, सल्लाघारीस्थितको गोरेटो बाटोबाट ५० मिटर तल खोल्सामा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

## सूचना, सूचना, सूचना

वर्तमान समयमा हरेक अभिभावकहरूले आफ्ना बालबालिकाहरूमा देखिएको जिद्धिपनलाई परामर्शको माध्यमद्वारा सकारात्मक परिवर्तन गराउँदै खेलकुद, नृत्य तथा डिजिटल माध्यमद्वारा पठनपाठनमा लगनशील बनाउने उद्देश्यका साथ हेटौँडाकै एकमात्र सत्यम जेभियर्स इग्ङ्लिस बोर्डिङ स्कुलमा प्ले ग्रुपदेखि कक्षा ९ सम्मका लागि नयाँ भर्ना फारम वितरण भइरहेको छ ।

तसर्थ, आफ्ना बालबालिकाहरूको उज्ज्वल भविष्यका लागि समयमै सम्पर्क गरी भर्ना प्रक्रिया पूरा गर्नुहुन सम्पूर्ण अभिभावकहरूमा हार्दिक अनुरोध गरिन्छ ।

सत्यम जेभियर्स इग्ङ्लिस बोर्डिङ स्कुल
हेटौँडा–४, चिसापानी
०५७–५२५५६३, ९८५५०६६४५२, ९८५५०६६५६३

# घट्यो सेयर बजार

समाज संवाददाता

काठमाडौं । साताको पहिलो कारोबार दिन सोमबार सेयर बजारको परिसूचक नेप्से ३४.६३ अंक घटेको छ । यो कमीसँगै नेप्से परिसूचक २७०४ अंकमा कायम भएको छ । कारोबार सुरु भएको १० मिनेटसम्म बजारले वृद्धिको संकेत देखाएपनि त्यसपछि अन्तिम समयसम्म निरन्तर ओरालोमा रह्यो ।

अजसहित लगातार चौथो कारोबार दिन बजार घटेको हो । यसअघि गत मंगलबार २६, बुधबार २५ र बिहीबार ५ अंक घटेको बजार शुक्रबार सार्वजनिक विदाका कारण बन्द रहेको थियो । आज कारोबार र कम पनि घटेको छ । अघिल्लो दिन ४ अर्ब ९१ करोडको कारोबार भएकोमा आज ४ अर्ब २६ करोडको भयो । २७ कम्पनीको मूल्य बढ्दा २४० को घट्यो भने २ को स्थिर रह्यो ।

## हार्दिक बधाई



महिला साहित्यकारहरुको संस्था आँचल साहित्य कला पुञ्जको शुक्रबार सम्पन्न पाँचौं अधिवेशनबाट सर्वसम्मत अध्यक्ष निर्वाचित हुनुभएकी प्रजातान्त्रिक प्राध्यापक संघ मकवानपुर बहुमुखी क्याम्पस इकाईकी कोषाध्यक्ष उप-प्राध्यापक **नीरा शर्मा** लाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

रविन कोइराला, अध्यक्ष
**एवम् प्रजातान्त्रिक प्राध्यापक संघ**
**मकवानपुर बहुमुखी क्याम्पस इकाई समिति परिवार**
**हेटौंडा-२, मकवानपुर**

# बकैयाका प्रअलाई शैक्षिक गुणस्तर अभिवृद्धि तालिम

समाज संवाददाता

हेटौँडा: पूवी मकवानपुरको बकैया गाउँपालिकाका प्रधानध्यापकहरुलाई शैक्षिक गुणस्तर अभिवृद्धिका लागि तालिमको आयोजना गरिएको छ । आज मंगलबार शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरको आयोजना तथा बकैया गाउँपालिका शिक्ष, युवा तथा खेलकुद शाखाको व्यवस्थापनमा तालिम हुने इकाई प्रमुख सुदीप गिरीले जानकारी दिनुभयो ।

प्रमुख गिरीका अनुसार कार्यसम्पादन मूल्याङ्कन फारम भर्दा धेरै त्रृटि भएकाले तालिमको आयोजना गरिएको हो । साथै विद्यालयका शैक्षिक योजनाका विषयमा छलफल हुनेछ । तालिममा इकाई प्रमुख गिरी र इकाईको शाखा अधिकृत उन्नती ढकालले सहजीकरण गर्नु हुनेछ ।

तालिममा सहभागी हुनका लागि पालिकाभित्र रहेका ७६ वटा विद्यालयका प्रधानाध्यापकलाई सूचना प्रदान गरिएको छ । यसअघि हेटौँडा उपमहागरपालिका र मकवानपुरगढी गाउँपालिकाका प्रधानाध्यापकलाई तालिम प्रदान गरिएको थियो ।

दुई पालिकाबाट ३८ जना प्रधानाध्यापकको उपस्थिति रहेको थियो । जेठ महिना भरिमा मकवानपुर जिल्लाको १० वटै पालिकामा सहजीकरण गर्ने गिरीले बताउनुभयो ।

## डँढेलो नियन्त्रण गरौं, जीवन र वन जोगाऔं

राष्ट्रिय वनमा आगो लगाउन वा आगलागी हुन जाने कुनै कार्य गरेमा वा गराएमा वा सोको उद्योग गरेमा वन ऐन, २०७६ को दफा ५० को उपदफा ४ बमोजिम क्षति भएको बिगो असुल गरी ३ वर्षसम्म कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । तसर्थ, उपरोक्त बमोजिमका निषेधित कार्य नगर्न नगराउनु हुन सरोकारवाला सबैलाई हार्दिक अनुरोध छ ।

**डिभिजन वन कार्यालय**
**हेटौंडा, मकवानपुर**

## डँढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्ने पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होइन आसपासका बस्तीसमेत उजाड हुन सक्छन् ।
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डँढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

**वन तथा वातावरण मन्त्रालय**
**बागमती प्रदेश, नेपाल**
**हेटौंडा, मकवानपुर**

## फुल फर्निस्ड सटर बिक्रीमा

**हेटौंडा-४, हेटौंडा क्याम्पस अगाडि रहेको लेडिज फेन्सी तथा कस्मेटिक्स पसल सञ्चालन गर्न उपयुक्त हुने फुल फर्निस्ड सटर बिक्रीमा रहेकोले व्यवसाय गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।**

सम्पर्क : ९८४५१-२७०३८




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email: sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ